"स्वस्थ नगरवासी, स्वच्छ नगरपालिका"को अवधारणालाई पुरा गर्नको लागि स्थानीय सरकारको रुपमा जनप्रतिनिधिहरुको महत्वपूर्ण भूमिका रहन्छ । हाम्रो एकमात्र स्वार्थ सुन्दर समृद्ध गोरखा नगरपालिका निर्माण हो । यस अवस्थामा हामीले रोजगारी र आयआर्जनका अवसरमावृद्धि गर्न पर्यटन प्रवर्द्धनमा जोड, कृषिमा व्यवसायीकरण, पशुजन्यव्यवसायको संरक्षण र विकास, घरेलु उद्योग र अन्य उत्पादन क्षेत्रमा लगानी अभिवृद्धि गरी विकास प्रक्रियामा सवै वर्ग, क्षेत्र, समुदायलाई परिचालन गर्न सकेमा मात्र परिवर्तन र परिणाममुखी विकास सम्भव हुनेछ। अतः समस्त बुद्धिजीवी, राजनैतिकदल, नागरिक समाज, उद्योगी, व्यवसायी, शिक्षक,

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हुंग्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

पत्रकार, कर्मचारी, सरकारी तथा गैह-सरकारी संघसंस्थाहरु, स्थानीय समुदाय, महिला समुह, टोल विकास संस्था, युवा, विद्यार्थी, विभिन्न गुठीसमुह एवं सम्पूर्ण नगरवासीहरुमा यस नीति तथा कार्यक्रम प्रतिअपनत्व ग्रहण गरिदिनुहुन हार्दिक अपील गर्दछु ।

यस नीति तथा कार्यक्रम मार्फत सामुदायिक क्षेत्रको सहभागितामा विकास गर्न सार्वजनिक निजी र सहकारी क्षेत्रसँग हातेमालो गर्दै अघिबढ्ने नीति लिइनेछ । निर्यातमुखी तथा रोजगारी प्रवर्द्धन हुने खालको योजनामा केन्द्रितभई सबै प्रकारका उपलब्ध श्रोत-साधनको दिगो व्यवस्थापनबाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरी सबै क्षेत्रका न्युनता र अभावलाई क्रमश घटाउँदै लगिनेछ ।समस्त नगरवासीको जीवनस्तरमा सुधार ल्याउने आर्थिक, सामाजिक, भौतिक, वातावरणीय एवं मनोवैज्ञानिक विकास र संरक्षण गर्दै नगरको तीब्रविकासमा उन्मुख आधारशीलालाई मध्यनजर गरी यो नीति तथा कार्यक्रम ल्याइएको छ

उत्पीडित वर्ग, जाति, क्षेत्रर समुदायको समग्र हकहितको रक्षा गर्दै आत्मनिर्भर, सुखी नगरवासी, समृद्ध नागरिक एवं समुन्नत गोरखालाई स्थापित गर्नु हामी सबैको साझा दायित्व हुनेछ । असीमित आवश्यकतालाई सीमित श्रोत साधनको विशिष्ट उपयोग गर्दै पुरा गर्नेतर्फ विशेष ध्यान दिइएको छ । राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी, कर्मचारी, उद्योगी, व्यवसायी लगायत सम्पूर्ण तह र तप्काबाट प्राप्त सल्लाह सुझाव तथा वडागत रुपमा छलफलबाट प्राप्त भएका मार्गदर्शनका आधारमा तयार पारिएको यस नीति तथा कार्यक्रमले अपेक्षा गरेको लक्षित उद्देश्य हासिल गर्न सबै पक्ष र तहबाट पर्याप्त सहयोग पुग्ने विश्वास लिएको छु ।

आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमाका आधार/मार्गदर्शनहरु निम्न छन्-

१.नेपालको संविधानः प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु

२.नेपालको १६औँपञ्चवर्षीय योजना,गण्डकी प्रदेश सरकारको दोश्रो पञ्चवर्षीय योजना

३.दिगो विकासका लक्ष्यहरु

४.स्थानीय सरकार सञ्चालन ऐन,२०७४

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ह्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

५.नेपालको दीर्घकालीन सोच, वि.स.२१०० (सम् २०४३)

६.स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

७.अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

८.राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा नियमावली, २०७६

९.संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर्सम्बन्ध) ऐन, २०७४–२०७७

१०.नेपाल सरकार, गण्डकी प्रदेश सरकारका नीति तथा कार्यक्रम

११. नेपालले अन्तर्राष्ट्रिय जगतमा गरेका प्रतिवद्धताहरु

१२.गोरखा नगरपालिकाका ऐन, कानूनहरु

१३.गोरखा नगरपालिकाको राजश्व परामर्श समितिका प्रतिवेदनहरु

१४.गोरखा नगरपालिकाको श्रोत अनुमान तथा सीमानिर्धारण समिति र विषयगत समितिका मार्गदर्शनहरु

१५.संघ-संस्था÷सरकारी निकाय, नागरिक समाज, राजनैतिक दल, विज्ञहरु लगायतका सुझावहरु

१६.गोरखा नगरपालिकाको गत आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था

१७. गोरखा नगरपालिकाको मध्यमकालीन खर्च संरचना

१८. गोरखा नगरपालिकाको एकीकृत शहरी विकास योजना

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुंग्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

आ.व. २०८१/०८२ को क्षेत्रगत प्राथमिकता निम्नानुसार निर्धारण गरिएको छ-

(क) पर्यटन तथा संस्कृति प्रवर्द्धन

(ख) शिक्षा, युवा तथा खेलकुद

(ग) कृषि, पशुपञ्छी र साना तथा घरेलु उद्योग

(घ) स्वास्थ्य तथा खानेपानी र सरसफाई

(ङ) सडक, यातायात तथा भौतिक पूर्वाधार विकास

(च) वन, वातावरण तथा विपद् व्यवस्थापन

(छ) मानव अधिकार, न्याय सम्पादन र न्याय निरुपण

(ज) सुशासन, सेवा प्रवाह,क्षमता विकास र सामाजिक समावेशीकरण

आ.व. २०८१÷०८२ को क्षेत्रगत नीति तथा कार्यक्रमहरु-

१. सामाजिक विकास नीति

क) संस्कृति तथा पर्यटन नीति

- "गोरखाः जहाँ इतिहास जीवित छ" भन्ने मूल नाराका साथ "गोरखा भ्रमण वर्ष २०८१" घोषणा गरी पर्यटन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- आधुनिक नेपालको इतिहासका विभिन्न घटनाक्रमहरुलाई समेटी "एकीकरणदेखि गणतन्त्रसम्म" नामक ऐतिहासिक पार्क निर्माण गरिनेछ ।

– गोरखाको पर्यटन प्रवर्द्धनको लागि पर्यटन गुरुयोजना निर्माण गरिनेछ ।

- कुहिरे भीर क्षेत्रमा गोरखा जिल्लाको नक्सा सहितको "GORKHA" उल्लेख गरिएको क्षेत्र निर्माण गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढुंगीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

- रक गार्डेन लगायतका अन्य पर्यटकीय गन्तव्यहरुको विकासको लागि निजी क्षेत्रलाई आह्वान गरिनेछ ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

– गोरखाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भौगालिक तथा जातीय विविधताको जगमा संघ, प्रदेश तथा विभिन्न संघसंस्थाको सहकार्यमा पर्यटन प्रवर्द्धन गरिनेछ ।

– गोरखाको ऐतिहासिक ठूलो आँगन, पोखरीथोक, धारापानी, छिपीटोल, पाटेचौर आदि क्षेत्रमा रविन्द्रपुरी फाउण्डेशन लगायतका संघ संस्थासँगकोसहकार्यमा सम्पदा वस्ती निर्माणको थालनी गरिनेछ ।

– जातीय विविधतामा आधारित नगरभित्रका सबै जातजातिको बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विविधतायुक्त जीवनशैलीको संरक्षण, सम्वर्द्धन गर्न तथा पर्यटन प्रवर्द्धनको लागि जीवित संग्राहलय निर्माण गरिनेछ ।

– गोरखनाथ गुफा, कालिका मन्दिर, गोरखा दरवार, हनुमान ढोका, उपल्लोकोट, बज्रभैरव,तल्लोकोट, रामशाह चौतारो, भुत्याहा छाँगो,सतिपिपल बौद्ध गुम्वा, चिल्ड्रेन पार्क, पश्चिमकाली, भिमसेन थापा स्मारक पार्क, ठूलोआँगन, तल्लोदरवार (संग्राहलय), सरस्वती आश्राम (रानीवन), सहिदपार्क, झाँक्रीगुफा, गौरीशंकर मन्दिर,विन्ध्यावासिनी मन्दिर, रानीपोखरी, राधावल्लवेश्वर मन्दिर, विरिमकाली, थुम्काचुली,अकलामन्दिर, बुढीकोटी, विशेनगर्ची पार्क, रक गार्डेन, रामशाहघाट, डेरागाउँ जामे मस्जिद, गाईखुर मस्जिद,बोकोर्लोक ताल, शीखरवेंशी ताल, विरेनडाँडा पार्क, हिले पोखरी, बराह मन्दिर,आमडाँडा मन्दिरतथा बगैंचा पार्क, दक्षिणकाली मन्दिर, महादेवटारी, ठुटे बजार ताल, भगवतीस्थान, पक्षाङ चौतारा (द्रव्यशाह चौतारो), खड्गदेवी मन्दिर, नामरुङ मन्दिर, ताप्लेकोट, शीखर गोरक्ष मन्दिर, छोटेलुदीताल, वेनीखोला मत्स्य पर्यटन केन्द्र, कुहिरेभिर भ्यु-टावरलगायतका महत्वपूर्ण ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा प्राकृतिक सम्पदा र क्षेत्रहरुको संरक्षण संवर्द्धन र विकास गरी गोरखा नगरपालिकालाई पर्यटकहरुको महत्वपूर्ण गन्तव्यको रुपमा विकास गर्दै लगिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुंग्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

- उल्लेखित महत्वपूर्ण पर्यटकीय स्थलहरुलाई समेटेर सूचनामुलक सामग्रीहरु प्रकाशन गर्ने, पर्यटकीय वृत्तचित्र तयार गर्ने, होर्डिङ बोर्ड राख्ने, स्ट्रिट नम्बरिङ्ग गर्ने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– शहीदलखन गाँउपालिकाको सहकार्यमा छोटेलुदी तालको सम्भाव्यता अध्ययन गरिनेछ।

– एक वडा, एक पार्कको नीतिलाई निरन्तरता दिइनेछ ।

– पुरातत्व बिभागसँगको समन्वय र सहकार्यमा गोरखा बजारको पँदेली स्थित रानीपोखरीमा पानी निकासको लागि व्यवस्थापन गरिनेछ ।

– नगरपालिकाभित्र हुने मेला महोत्सव, चाडपर्व, संस्कृति, जात्रा आदिलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

- गोरखा नगरपालिकासँग भगिनी सम्बन्ध रहेको धादिङ जिल्लाको निलकण्ठ नगरपालिकामा रहेको महत्वपूर्ण धार्मिक स्थल निलकण्ठेश्वर महादेवको प्रतिमूर्ति सहितको पार्क स्थापना गरिनेछ ।

– नगरपालिका भित्रको पुराना पाटी, पौवा, चौतारो, ढुङ्गेधारा, कुवा पँधेरा, पोखरी आदिको संरक्षण कार्यलाई निरन्तरतादिईनेछ ।

– ठूलो आँगनमा निर्मित पृथ्वीनारायण शाहको पूर्णकदको सालिकमा दैनिक रुपमा विहान बेलुका हुने बिजयविगुल कार्यक्रमको संरक्षण एवंसम्बर्द्धन गर्दै लगिनेछ । नेपाली सेनासँगको सहकार्यमा पूर्व-पश्चिम÷जितगढी पदयात्रा, लिगलिगकोट-गोरखा म्याराथुन दौड लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- "गोरखनाथदेखि गोरखपुरसम्म" को परम्परागत खिचडी यात्रा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुङ्गीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

कृष्ण बहादुर राना नगर
नगर प्रमुख

– पक्षाङ होमस्टे, विरिमकाली होमस्टे, वेनीखोला कुमाल वस्ती, सातधुरे, गैरीकुवा, गोर्वुङ, आमडाँडा, वडा नं. १२ को कुमाल वस्ती लगायतका ठाउँहरुमा होमस्टे बिकासको निम्ति कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– भाषिक धार्मिक र जातीय विविधतालाई ध्यान दिँदै उनीहरुको साँस्कृतिक महत्व बोकेको चुड्का(कौरा) सोरठी, घाटु, भजन, बालन, मारुनी नाच, लाखे नाच, धिमे बाजा, पञ्चैबाजा, कर्खा, सवाइ, सारङ्गी, म्हेन्दोमाया जस्ता गीत नृत्यहरुको संरक्षण गरिनेछ ।

– पोखरा, लुम्बिनी, सौराहा, ठमेल, बन्दीपुर जस्ता पर्यटकीय केन्द्रहरुसँग पर्यटन सञ्जाल स्थापना गरी पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– छेवेटार(ठुटे बजार) बहुउद्देशीय ताल निर्माण आयोजना सञ्चालन गरिनेछ ।

– बोकोर्लोक ताल, बेनीखोला ताल, भुत्याहा छाँगो, आमडाँडा बगैंचा पार्क र पश्चिमकाली क्षेत्रको सम्भाव्यता अध्ययन गरी DPR तयार गरिनेछ ।

– गुरु गोरखनाथको प्रतिमूर्ति सहितको पार्क निमार्ण कार्य अघि बढाइनेछ ।

– बुढीकोटी मन्दिर र अकला मन्दिरको पर्यटन प्रवर्द्धनको लागि पूर्वाधारहरु तयार गरिनेछ ।

- पर्यटन सूचना केन्द्र स्थापना गरी स्थानीय पथ प्रदर्शकहरुलाई पर्यटकीय सूचनाको पहुँचमाबृद्धि गरिनेछ ।

– ऐतिहासिक व्यक्तिहरुको जीवनीबारे खोज, अनुसन्धान तथा जानकारी सहितको पहिचानको लागि आवश्यक नीति लिइनेछ ।

– गोरखाको महत्वपूर्ण ऐतिहासिक क्षेत्रहरु गोरखा दरबार, गोरखनाथ कालिका मन्दिर, गोरखा सग्राहलय लगायत समग्र ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक क्षेत्रहरुको संरक्षण संवर्द्धन र विकास गर्न उक्त क्षेत्रहरु गोरखा नगरपालिकाको अधिकार र क्षेत्रमा ल्याउन पहल गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इङ्गीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना नगर
नगर प्रमुख

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

- सामाजिक सञ्जाल, यात्रा ब्लगर पर्यटन वेबसाइटहरूको प्रयोग गर्दै गोरखाको ऐतिहासिक विरासत र प्राकृतिक सौन्दर्यलाई झल्काउँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रचार अभियान सुरु गरिनेछ।

- आतिथ्यता, पथप्रदर्शनर दिगो पर्यटन अभ्यासहरूमा स्थानीय बासिन्दाहरूको लागि कार्यशाला र तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ। होमस्टे र स्थानीय सीप तथा कलाको प्रवर्द्धन गरिनेछ।

- स्थानीय संस्कृति, चाडपर्व, परम्परागत संगीत र नृत्य प्रदर्शनहरूर स्थानीय कला प्रदर्शनीहरूको आयोजना र प्रचार प्रसारगरिनेछ।

-गोरखा नगरपालिकाकाप्रमुख स्थानहरूमा पर्यटक जानकारी केन्द्रहरू स्थापना गरिनेछ जसले नक्शा, पुस्तिकार सहायता प्रदान गर्दछ। आकर्षणहरूर स्थानीय सेवाहरूको जानकारी सहितको मोबाइल एप्स विकास गरिनेछ।

- ट्रेकिङ एजेन्सीहरू, होटलहरूर अन्तर्राष्ट्रिय पर्यटन संगठनहरूसँग मिलेर प्याकेज्ड टुरहरू सिर्जना गर्न र गोरखालाई विश्वव्यापी रूपमा प्रवर्द्धन गर्न सहजीकरण गरिनेछ।

-स्थानीय उत्पादनहरूको लागि विशेष "मेड इन गोरखा"ब्रान्डिङ सुरु गरिनेछ।

– गोरखा नगरपालिकाको पर्यटन, संस्कृति लगायत विविध क्षेत्रलाई समेटी पार्श्वचित्र(Digital Profile) निर्माण गरिनेछ ।

- पर्यटन नवप्रवर्तन सम्बन्धी बिभिन्न पक्षहरु बीच प्रतिस्पर्धा आयोजना गरिनेछ।

ख) शिक्षा, युवा तथा खेलकुद नीति

- "हामी सबैको प्रण, सामुदायिक विद्यालयको गुणस्तरीय रुपान्तरण" भन्ने नारालाई सार्थक तुल्याइनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

- "सरकारी विद्यालयमा गुणस्तरीय शिक्षा तथा निजी विद्यालयमा सुलभ र सस्तो शिक्षा" प्राप्त गर्ने वातावरण सिर्जना गरिनेछ।

– सबै प्रधानाध्यापकहरुको व्यवस्थापकीय एवं नेतृत्व क्षमता बढाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– शिक्षकको कार्यसम्पादन विद्यार्थीले प्राप्त गरेको नतिजा प्रतिशत समेतको आधारमा उत्कृष्ट शिक्षक छनौट गरी पुरस्कृत गरिनेछ ।

– "शैक्षिक गुणस्तर र सुधार कक्षा १ बाट नै गरौं, जग बलियोबनाऔं" भन्ने नाराका साथ आधारभूत तहको पठन-पाठनको विशेष योजना बनाएर लागू गर्ने विद्यालयलाई प्रोत्साहन गरिनेछ ।

- सबै विद्यालयका प्राथमिक कक्षा कोठालाई आकर्षक र बालबालिकामैत्री बनाइनेछ ।

– विद्यालयमा जङ्कफुड(पत्रु खाना) बिक्री-वितरण निरुत्साहित गर्दै विद्यालयको दिवाखाजा स्थानीय उत्पादनमा जोड दिइने तथा स्थानीय टोल, समुह वा विद्यार्थीको अभिभावकहरुबाटै व्यवस्थापन गरिने नीति लिइनेछ ।

– सार्वजनिक पद धारण गरेका व्यक्ति-शिक्षक, कर्मचारी, जनप्रतिनिधि लगायतकाबालबालिकाहरुलाई सामुदायिक विद्यालयमा पढाउनु पर्ने नीति कार्यान्वयनलाईअनिवार्य गरिनेछ ।

- निजी तथा सामुदायिक विद्यालयहरुमा जनक शिक्षा सामग्री केन्द्रले प्रकाशन गरेको अंग्रेजी माध्यमका पाठ्यपुस्तकहरु लागु गरिनेछ ।

- निजी तथा सामुदायिक विद्यालयहरुमा "बुक फ्री फ्राइडे" अभियान सञ्चालन गरी बालबालिकालाई "पढ्दै कमाउँदै" कार्यक्रम सञ्चालन गरिनेछ ।

- नगरपालिका र विभिन्न संघसंस्थाहरुसँगको साझेदारीमा विद्यालयहरुलाई स्कुल बसको व्यवस्था गर्दै लगिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुबीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

– 'जहाँ विद्यार्थी त्यहाँ शिक्षक' कार्यक्रमलाई निरन्तरतादिईनेछ ।

– नगरपालिकालाई शैक्षिक हबको रुपमा विकास गर्न १० वर्षे शैक्षिक सुधार गुरुयोजना निर्माण गरिनेछ ।

– प्राविधिक तथा उच्चशिक्षा अध्ययन अनुसन्धानका लागि विद्यार्थी सहायता कार्यक्रम सञ्चालन गरिनेछ ।

- प्राविधिक शिक्षालाई प्राथमिकता दिई कृषि, भेटेरिनेरी, स्वास्थ्य तथा ईन्जिनियरिङ्ग शिक्षा मार्फत् प्राविधिक जनशक्ति उत्पादन गर्न पहल गरिनेछ।

– स्थानीय पाठ्यक्रमलाई उत्पादन र मातृभाषासँग जोड्दै संस्कारसहितको शिक्षाको लागि स्थानीय पाठ्यक्रममा समावेश गर्ने व्यवस्था गरिनेछ ।

– दलित, जनजाति एवं विपन्न जेहेन्दार बिद्यार्थीहरुका लागि नगर-प्रमुख छात्रवृत्ति कार्यक्रम लागू गरिनेछ ।

– बौद्धिक, शैक्षिक व्यक्तित्वहरुलाई पलायन हुनबाट जोगाउन शैक्षिक अनुसन्धान केन्द्र स्थापना गरी अनुसन्धानात्मक कार्यलाई स्थापित गरिनेछ ।

– नगरपालिकामा एक गोरखा प्रज्ञा प्रतिष्ठान स्थापना गरिनेछ ।

– नगरपालिका क्षेत्रका सम्बन्धमा सोध अनुसन्धान गर्न अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

– बालबालिकाको आधारभूत साक्षरता सीप अभिवृद्धिका लागि रुम टु रिड, कर्ल्स ओभर रिजेज लगायतका संघ-संस्थाहरुसँगको साझेदारी विस्तार गर्दै विद्यालयको शैक्षिक प्रगति र भौतिक निर्माणमा अन्य सरोकारवाला संघ-संस्थाहरुसँग सहकार्य गरिनेछ ।

– विद्यालय शिक्षालाई खेलकुदसँग आवद्ध गरी विद्यालय तथा विद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा अभिप्रेरित गरिनेछ ।

– आधारभूत तहको परीक्षालाई स्वच्छ र मर्यादित बनाइनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

- बजार क्षेत्रका विद्यालयहरुलाई एकीकृत गरी मेघा विद्यालय सञ्चालन गर्ने नीति लिईनेछ।

– जातीय मातृभाषा संरक्षणको लागि भाषिक कक्षाहरु सञ्चालन गरिनेछ ।

– गोरखा नगरपालिकाभित्र विभिन्न वडामा निर्माण भएका खेल मैदानहरुको स्तरोन्नति गर्नुका साथै "एक वडा, एक खेल मैदान" को नीतिलाई निरन्तरता दिइनेछ ।

– राष्ट्रिय स्तरको अण्डर १३ लिग सञ्चालनलाई निरन्तरता दिईनेछ।

– खेलकुदलाई वडा तथा नगरपालिका तहमा स्थापित गर्न वडा कप, मेयर कप र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना गरिनेछ ।

ग) स्वास्थ्यनीति

– नगरभित्रका स्वास्थ्य संस्थाहरुबाट औषधि लगायतका सेवाहरु गुणस्तरीय बनाउँदै ९८ प्रकारका औषधि सहित १८ प्रकारका ल्याव सुविधा, १० प्रकारका थप सेवा सहित, ओ.पि.डि. र इमर्जेन्सी टिकट सुविधा, साधारण बेड सुविधा लगायतको सुविधालाई थप व्यवस्थित गर्दै लगिनेछ ।

- बिरामीको चापलाई मध्यनजर गर्दै हाल सञ्चालनमा रहेका स्वास्थ्य चौकीहरुको सेवालाई गुणस्तरीय बनाउन चिकित्सकीय सेवालाई विस्तार गरिने र हाललाई तारानगर स्वास्थ्य चौकीलाई आधारभूत अस्पतालको रुपमा स्तरोन्नति गरिनेछ ।

- स्वास्थ्य चौकीहरुमा मासिक रुपमा स्याटलाइट क्लिनिक सेवा विस्तार गरिनेछ ।

– स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत असाहाय, अतिविपन्न परिवार,'क' र 'ख' श्रेणीको अपाङ्गता भएका व्यक्तिहरु रमहिला स्वास्थ्य स्वयंसेविकाहरुलाई ५० प्रतिशत् स्वास्थ्य विमाको प्रिमियम व्यवस्थापन गरी निःशुल्क स्वास्थ्य विमाको कार्यक्रमलाईनिरन्तरता दिईनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुईढाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

कृष्ण बहादुर राना नगर
नगर प्रमुख

— नगरपालिकाभित्रका गर्भवती, सुत्केरी, अति-विपन्न, असाहाय ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई गोरखा अस्पतालसम्म निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ । रिफर भएका सुत्केरीलाई काठमाडौं, भरतपुर, पोखरासम्म निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।

— नगर प्रमुख कल्याणकारी आर्थिक सहायता कार्यक्रम मार्फत् विपन्न विरामीहरुलाई आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

— गर्भवती तथा सुत्केरी, अपाङ्ग, अति-गरीव/विपन्न परिवारका लागि उद्धार गर्न नगर उप–प्रमुख गर्भवती उद्धार कोष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

— आगामी दिनमा गोरखा नगरपालिकाले एक शवबाहनको व्यवस्था गर्नेछ ।

— बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- एकीकृत स्वास्थ्य कार्यक्रम अन्तर्गत गोरखा अस्पताल परिसरमा सञ्चालित गोरखा बजार आयुर्वेद औषधालयमा आवश्यकपूर्वाधार, जनशक्ति र औषधि व्यवस्थापन गरिनेछ ।

- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाईकम्तीमा दश बर्ष सेवा गरी अवकाश पश्चात् प्रोत्साहन स्वरूप एकमुष्ट रुपमा रकम उपलब्ध गराइनेछ ।

- ज्येष्ठ नागरिक, असहाय, अशक्त र अपाङ्गता भएका नगरवासीहरुलाई घर-घरमै स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री वितरण कार्यलाई निरन्तरता दिईनेछ।

- हाल नसर्ने रोगको प्रकोप बढ्दो रुपमा रहेको अवस्थालाई मध्यनजर गरी ४० वर्ष माथिका सम्पूर्ण नगरवासीहरुलाई Non-Communicable Disease (NCD) Screening गरिनेछ ।

- सम्पूर्ण बालबालिकाहरुका लागि पूर्णखोप सुनिश्चितता कार्यलाई निरन्तरता दिईनेछ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुधीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना नगर
नगर प्रमुख

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

- सम्पूर्ण नगरवासीहरुको डिजिटल हेल्थ रेकर्ड स्वास्थ्य अवस्थाको जानकारी लिने व्यवस्था गरिनेछ ।

- नगरभित्रका स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमन गरिनेछ ।

- मानसिक स्वास्थ्यको बढ्दो प्रभावलाई कम गर्न जनचेतना अभिवृद्धि, नियमित औषधि प्रयोगकर्ताहरुको मनोसामाजिक परामर्श र नियमित औषधिको व्यवस्था मिलाईनेछ ।

- ज्येष्ठ नागरिकहरुलाई नियमित चेकजाँच तथा औषधि वितरण गर्ने व्यवस्था मिलाइनेछ।

- टिटि खोप, क्यालसियम, फोलिक एसिड निःशुल्क वितरण कार्यलाई निरन्तरता दिईनेछ

- गोरखा नगरपालिकालाई क्षयरोगमुक्त पालिका बनाउन अभियान सञ्चालन गरिनेछ।

- महिलाहरुको पाठेघरको मुखको क्यान्सर निःशुल्क जाँच गर्ने व्यवस्था मिलाईनेछ ।

- HIV AIDS संक्रमित व्यक्तिहरुलाई पोषण लगायतका सेवा प्रदान गरिनेछ। साथै ART लिन आउँदाको यातायात खर्च व्यवस्था गरिनेछ ।

- नसर्ने रोगको न्युनीकरणका लागि योग शिविर कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

घ) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति

— गोरखा नगरपालिकालाई पर्याप्त खानेपानी, स्वच्छ र पूर्ण सरसफाईयुक्त नगरपालिका बनाइनेछ ।

— नगरवासीहरुलाई खानेपानीमा सहज पहुँच पुर्याउन "एक घर, एक धारा" नीति लागु गरिनेछ।

- नगरकासबैवस्तीहरुमाएकघर,एकधाराकोनीतिअनुरुप दरौंदी लिफ्टिड खानेपानी आयोजनालाई पूर्ण सञ्चालनमा ल्याई गोरखा सदरमुकाम क्षेत्र वडा नं. २, ३, ४, ५, ६, ७, ८ र ९ का वस्तीहरुमा पर्याप्त र स्वच्छ खानेपानी उपलब्ध गराइनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

- खानेपानीतथा सरसफाइ ऐन बमोजिम खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड मार्फत् नगरपालिकाभित्रका खानेपानी तथा सरसफाई व्यवस्थापन गरी नगरवासीलाई खानेपानीको सहज व्यवस्था गरिनेछ ।
- खानेपानीतथा सरसफाइ ऐन बमोजिम खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड मार्फत् दरौंदी लिफ्टिङ्ग र पृथ्वीनारायण साना शहरी खानेपानी सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

– विरिमकाली लिफ्टिङ खानेपानी आयोजनालाई छिटो सम्पन्न गरी वडा नं ९, १०, ११ र १२ का वस्तीहरुमा पर्याप्त र स्वच्छ खानेपानी उपलब्ध गराइनेछ ।

– नगरपालिकाभित्र सञ्चालनमा रहेका सबै खानेपानी आयोजनाहरुको नियमित मर्मत-संभारमा विशेष जोड दिइनेछ । सञ्चालनमा रहेका अधुरो खानेपानी आयोजनाहरु पुरा गरिनेछ ।

– नगरपालिकाभित्र रहेका सबै खानेपानीको मूल संरक्षण, पुराना र ऐतिहासिक ढुङ्गेधारा, पँधेराहरुको संरक्षण गरिनेछ ।

–उच्च भागमा रहेका पानीका श्रोतहरुबाट कृतिम पोखरीहरु निर्माण गरी सुन्दरता र रमणीयता सहित पानीको श्रोत बढाउने नीति लिइनेछ ।

– नगरपालिकाभित्रको फोहोरमैला व्यवस्थापनलाई कुहिने र नकुहिने फोहोरलाई 5R विधिमा व्यवस्थापन गरिनेछ ।

– यसअघि साना ठूला खानेपानी आयोजनाहरुलाई नगरपालिकाबाट दिने गरिएका सेवा सुविधाहरुलाई निरन्तरता दिइनेछ ।

– निजी क्षेत्रसँगको साझेदारीमा गरिएको फोहोरमैला व्यवस्थापनलाई थप सुधार र व्यवस्थित गरिनेछ ।

– खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र स्वास्थ्य कार्यालयको समन्वयमा गोरखा नगरपालिकामा खानेपानीको सुद्धता परीक्षणगर्ने व्यवस्थामिलाईनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इस्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

ङ) गैह सरकारी संघ-संस्था सम्बन्धी नीति

– गैह सरकारी संघ संस्थाहरुले आगामी वर्षको कार्यक्रम सहित नगरपालिकामा स्वीकृति लिनुपर्ने कार्य अनिवार्य गरिनेछ ।

– नगरपालिका क्षेत्रभित्र गैहसरकारी संघ-संस्थाहरुले कार्यक्रम गर्नुपूर्व अनिवार्य रुपमा अनुमतिलिनुपर्ने नीतिलाई कडाइका साथ लागू गरिनेछ ।

- गैहसरकारी संघसंस्थाले नगरपालिकासँगको सहकार्यमा कुनै पनि कार्यक्रमगर्दा कम्तीमा पचास प्रतिशत् लागत सहभागिता गर्नुपर्ने नीति लिइनेछ।

- अनुगमन तथा नियमन समिति गठन गरी गैह-सरकारी संस्थाहरुका कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

च) महिला विकास नीति

– सामाजिक विभेद, छुवाछुत, कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि कार्ययोजना निर्माण गरीविभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– महिलाहरुलाई विकासको मुलप्रवाहमा ल्याउनको लागि सकरात्मक विभेदको निति अपनाइ रोजगारी तथा स्वरोजगारी सिर्जना गर्न आयमूलक तथासीपमूलकप्रशिक्षण, तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– सीर्जनशीलमहिला र महिला समूहहरुलाई उद्योग, व्यवसाय प्रवर्द्धन गर्न प्रोत्साहन गरिनेछ ।महिलाहरुको उद्यमशीलता तथा नेतृत्व विकासमा उप–प्रमुख सवल नेतृत्व विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

– अति-विपन्न, असाहाय, अपाङ्गता भएका लगायत उपेक्षित उत्पीडित महिलाहरुको लागि विशेष सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुबीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

– नगरपालिकामा जिल्ला समन्वय समिति र सामाजिक विकास कार्यालयको सहकार्यमा सुविधा सम्पन्न सेफ हाउसको निर्माण गरिनेछ ।

– संयुक्त राष्ट्रसंघको निर्णय नं १३२५ र १८२० को कार्यान्वयनको लागि विभिन्न संस्थाहरुसँग समन्वय गरिनेछ।

छ) बालबालिका सम्बन्धी नीति

– बाल अधिकार तथा बाल सुरक्षाको लागि नगर स्तरीय बाल अधिकार समिति गठन गरी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

– सहयोगापेक्षी सडक मानवमुक्त गोरखा नगरपालिका भैसकेको परिप्रेक्षमा निरन्तरताको लागि मानव सेवा आश्रामसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

– गोरखा नगरपालिकालाई बालमैत्री नगरपालिका बनाउन बालमैत्री लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– शिशु स्याहार केन्द्र निर्माण गरी बालबालिकाको संरक्षण, विकास र मनोरञ्जनमा ध्यान पुर्‍याइनेछ ।

– प्रत्येक विद्यालयमा कक्षा ६ सम्म दिवा खाजा तथा बाल पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।

– सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्ना कार्यक्रम प्रभावकारी बनाउने बालमैत्री झोला कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– नगरस्तरीय बाल सञ्जाललाई सुदृढीकरण गरिनेछ ।

– गुरुकुल, मदर्सा, चर्च, गुम्बामा रहेका बालबालिकाहरुको विकासको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रीहाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

– बाल श्रममुक्त नगरपालिका घोषणाको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ज) दलित, जनजाति, सीमान्तकृत समुदाय रअपाङ्गता सम्बन्धी नीति

– दलित समुदायको हकहित, संरक्षण रउत्थानको लागि विस्तृत अध्ययन गर्न दलितप्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

– पुरानाकला र शिल्पको संरक्षणको लागि "कला र कौशल"भन्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

– विभिन्न क्षेत्र र समुदायमा रहेका जनजातिको लागि एकीकृत जनजाति विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

– अपाङ्गता भएका व्यक्तिहरुको आयआर्जन, सीप विकास तथा खेलकुद विकासको लागि अपाङ्गमैत्री विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– ग र घ वर्गको परिचय-पत्र प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिहरु तथा तिनका परिवारका लागि आयआर्जन एवं उद्यमशीलताका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

झ)ज्येष्ठ नागरिक सम्वन्धी नीति

– ज्येष्ठ नागरिकहरुलाई एक्लो महसुश हुन नदिनज्येष्ठ नागरिकदिवासेवा केन्द्र स्थापना कार्यलाई निरन्तरता दिइनेछ ।

- ज्येष्ठ नागरिक दिवा सेवाकेन्द्रमा ज्येष्ठ नागरिकहरुको लागि भजन-कीर्तन लगायतका सामग्रीहरु उपलब्ध गराइनेछ ।

– ज्येष्ठ नागरिकसँग भएको ज्ञान, अनुभव र सीपलाई पछिल्लो पुस्तामा पुस्तान्तरण गर्नको लागिअन्तर्पुस्ता सीप तथा अनुभव हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. आर्थिक विकास नीति

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुईढोंडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

– गोरखा नगरपालिकाभित्रका उत्पादनबाट आत्मनिर्भर भएको कृषि उपजलाई नगर क्षेत्रभित्र आयातमा नियन्त्रण गर्ने नीति लिईनेछ ।

– कृषियोग्य जमीनमा विद्युतीय सिंचाई सुविधा पुर्‍याउन बोरिङ, पम्पिङ तथा अन्य सिंचाइ योजनाहरु सञ्चालन गरिनेछ ।

– कृषिमा आधारित उद्योगहरु तथा ग्रामीण कृषि, पर्यटन विकासमा युवा तथा कृषक उद्यमीहरुलाई आकर्षित गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– बाँदर नियन्त्रणको लागि विशेष योजना सञ्चालन गरिनेछ।

– कृषि तथा फलफुल नर्सरी र टनेल खेतीलाई प्राथमिकता साथ अघि बढाइनेछ । कृषकहरुका लागि क्षमता अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– दरौंदीनदी, खारखोला, लुदीखोला लगायतका फाँटहरुमा हिउँदमा पानीको मात्रा कमभई सिंचाइमा पर्ने समस्या समाधान गर्ने कार्यक्रम ल्याईनेछ ।

– स्थानीय जातका पशुहरुको नश्लसुधार, कृतिम गर्भाधान, उन्नतपशु व्याड अनुदान कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

– कृषि तथा पशुपंछी फर्महरु सञ्चालन भएका क्षेत्रमा आवश्यक विद्युतीकरणका लागि विशेष पहल र व्यवस्था गरिनेछ ।

– रैथाने बालीको संरक्षण गर्दै उन्नत जातकाबालीहरुको व्यवसायीकरणमा जोड दिइनेछ।

- हलगोरु पाल्ने किसानहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

– पशुपन्छीमा लाग्ने रोगहरुको रोकथाम नियन्त्रण गर्न पशुपन्छीलाई खोप तथा औषधि उपचार र पशु स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

क) कृषि तथा पशुपन्छी विकास नीति

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

– "कृषिमाविज्ञानिकता, उत्पादनमा गुणात्मकता"भन्ने मुल नाराका साथ व्यावसायिक तथा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न कृषि प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

– "एक वडा एक उत्पादन,टोल-टोलको विशेष पहिचान"को नीतिलाई थप परिणाममुखी बनाइ व्यवसायिक उत्पादनको नीति लिइनेछ ।

– उत्पादनमा आधारित अनुदान कार्यक्रम लागु गरीकृषिलाई व्यवसायिक किसानमा रुपान्तरण गरिनेछ ।

- कृषि संकलन केन्द्रहरु तथा हाटबजार स्थापना गरी कृषकलाई आफ्नो उत्पादन बजारीकरण गर्न सहज तुल्याईनेछ ।

–कृषि उत्पादनलाई संकलन केन्द्र तथा हाट-बजारसम्म पुर्‍याउनकृषि एम्बुलेन्ससञ्चालन गरिनेछ ।

– "एक खेत एक व्यवस्थित मुहान" सहितको सिंचाई कुलो निर्माणको नीति लिइनेछ।

- खेतीयोग्य जमीनलाई बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै व्यवसायिक खेती गर्न चाहने किसानलाई जग्गा भाडा अनुदानको व्यवस्था गरिनेछ ।

– किसानलाई प्राङ्गरिक/जैविकमलप्रयोग गर्न प्रोत्साहितगर्दैनिजी क्षेत्र तथा सहकारी संस्थाहरुसँग सहकार्य गरी प्राङ्गरिक/जैविकमल उद्योग स्थापना गर्ने नीति लिईनेछ।

– कृषि तथा पशुपन्छी क्षतिको राहत रकम नगरस्तरीय प्रकोप व्यवस्थापन कोषमार्फत्उपलब्ध गराईनेछ, साथै कृषि तथा पशु विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

– सुत्केरी गाईभैंसीका लागि मिनरल तथा क्यालिसियम वितरणको व्यवस्थालाई निरन्तरतादिईनेछ ।

– दरौंदी नदी तथा यसका शाखा नदीहरुमा मत्स्यपकेट कार्यक्रमको लागि पोखरी निर्माण तथा अन्य सहयोग कार्यक्रम गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दरौंदीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

– विभिन्न घाँसका विउ तथा विरुवा वितरण गरीकिसानको उत्पादन लागतमा कमी ल्याउन सामुदायिक, सार्वजनिक र निजी जग्गामा घाँस विकासमा जोड दिइनेछ ।

– व्यवसायिक किसानहरुलाई कृषि तालिम तथा यान्त्रीकरण अनुदानको व्यवस्थालाई निरन्तरतादिईनेछ ।

– कृषिउत्पादनलाई प्रशोधन तथा बजारीकरण गर्नसहकारी संस्थाहरुसँग सहकार्यगरिनेछ ।

– कृषि तथा पशुपन्छी विकास र प्रवर्द्धनको लागि मल, विउ तथा प्रविधिमा विशेष अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- रासायनिकमलकोडिपोसञ्चालनकोलागिआवश्यकपहलगरिनेछ।

ख) सहकारी विकास नीति

– दुग्ध संकलन तथा वितरण केन्द्र र डेरी उद्योग स्थापना गर्न सहकारी संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।

– नगरपालिकाभित्रका सहकारीहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनुका साथै सहकारी विकासको कार्यक्रम आयोजना गरिनेछ ।

– सहकारी संस्थाहरुको अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाउन सूचक तथा मापदण्ड बनाई कडाईका साथ लागू गरिनेछ ।

– सहकारीहरुको लागि सहकारी संघसंस्थाहरुसँगको सहकार्यमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– सहकारीको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्नविशेष जोड दिईनेछ ।

– महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवं स्थानीयतहको महिला उद्यमी सञ्जाल स्थापनाको लागि सहजीकरण गरिनेछ ।

गौरवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुईघाँडा, गौरवा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

ग) राजश्व सम्बन्धी नीति

– कर प्रणालीलाई व्यवस्थित बनाउन राजश्व सुधार योजनालाई प्रभावकारी रूपमाकार्यान्वयन गरिनेछ ।

– सबै व्यवसायीहरूलाई करको दायरामा ल्याउने, करका दरहरु समयानुकूल संशोधन गर्ने, कर असुलीमा कडाई गर्ने, घर-बहाल करलाई प्रभावकारी तुल्याईनेछ ।

- करमा स्व-घोषणाको नीति अवलम्वन गर्दै आन्तरिक आय वृद्धि गर्ने नीति कडाइका साथ लागू गरिनेछ ।

– राजश्व संकलनलाई बढाउन वडागत रूपमा राजश्व सम्बन्धी घुम्ती सेवा केन्द्र सञ्चालन गरिनेछ ।

– 'सुत्र सफ्टवेयर' को प्रयोग गरी राजश्व संकलन तथा अभिलेखीकरणलाई थप सुदृढ र व्यवस्थित बनाईनेछ ।

– कर नबुझाउने, कर छली गर्ने व्यक्तिलाई अनिवार्य कर तिर्न लगाउने, नतिरेमा नगरपालिकाले प्रदान गर्ने सेवा सुविधा रोक्ने नीति लिइनेछ ।

– व्यवसाय करको दायरा विस्तार गर्न सबै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउन सबै व्यवसायको अभिलेखीकरण गरिनेछ ।

- प्राकृतिक श्रोतको उत्खनन्, संकलन तथा बिक्रिलाई थप व्यवस्थित गरिनेछ ।

– गोरखा नगरपालिकामा कपडा एवं अन्य सामाग्रीहरु बाहिरबाट आएर पोके व्यापारीको रुपमा व्यपार गर्न रोक लगाइनेछ ।

- विज्ञापन करलाई थप व्यवस्थित गरिनेछ ।
- जग्गा वर्गीकरण गरी जग्गाको कित्ताकाटलाई समय सापेक्ष वैज्ञानिक प्रणाली अनुसार व्यवस्थित गर्दै लगिनेछ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दरबारडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

घ) वैदेशिक रोजगार सम्वन्धी नीति

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

– वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– वैदेशिक रोजगारीमा गएका घर-परिवारका सदस्यहरुलाई आय-आर्जन तथा सही क्षेत्रमा लगानी गर्न वित्तीय साक्षरता कक्षालाई निरन्तरता दिइनेछ ।

– वैदेशिक रोजगारीबाट सीर्जित सामाजिक, मनोवैज्ञानिक समस्याहरु न्यूनीकरणको लागि मनोसामाजिक परामर्श कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- सामी परियोजना अन्तर्गत सञ्चालित विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ङ) घरेलु तथा साना उद्योग नीति

– घरेलु उद्योगहरुको विकास गरी आत्मनिर्भरता बढाउने कृषि र पर्यटनमा आधारित घरेलु उद्योगहरुको विकासमा टेवा पुऱ्याउन तालिम तथा सीप विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– परम्परागत जातीय सीपहरुको संरक्षण गर्न फलाम तथा तामा पित्तलका भाँडा बनाउने सीप, कपडा सिलाउने सीप लगायत अन्य परम्परागत सीपहरुको संरक्षण गरी पुस्ताहस्तान्तरण गर्दै लैजानको लागि प्रोत्साहन गरिनुका साथै उक्त सीपहरुको आधुनिकीकरणमा जोड दिइनेछ ।

- स्वदेश तथा विदेशका विभिन्न उद्योगबाट आयातित महङ्गो र स्वास्थ्यको निम्ति हानिकारक मदिरालाई निरुत्साहित गर्दै स्थानीय स्तरमा उत्पादन हुने कोदो लगायतका रैथाने बालीबाटतयार हुने स्थानीय मदिरालाई ब्राण्डीङ गरीरोजगारी र आय-आर्जनमा जोड दिईनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुधीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

– गोरखा नगरपालिकाभित्रको निर्माण मजदुरहरुलाई प्रोत्साहन गर्न आयातित मजदुर विस्थापित गर्न र स्थानीय रोजगार वृद्धि गर्न निर्माण मजदुरहरुलाई आवश्यक टुलबक्स वितरण तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

– नगरपालिकाभित्रका कृषिजन्य वस्तुहरुका उत्पादनलाई प्रशोधन, प्याकिङ गर्न एक औद्योगिकग्राम स्थापनाको नीति लिइनेछ ।

– उद्यम विकासको लागि वित्तीय पहुँचमा सहजताका लागि आवश्यक पहल गरिनेछ ।

– स्थानीय युवाहरुलाई रोजगार सिर्जना गर्नको लागि कपाल काट्ने, प्लम्बिङ, वाईरिङ लगायतका सिपमूलक तालिम सञ्चालन गरी उक्त व्यवसाय सञ्चालन गर्न सहयोग गरिनेछ ।

– स्थानीय स्तरमा पाइने फलफुल, कृषिजन्य तथा वन पैदावारमा आधारित काष्ठ तथा गैह्रकाष्ठ उद्योगहरु स्थापना र सञ्चालनमा जोड दिँदै तालिमहरु सञ्चालन गरिनेछ ।

– लघु उद्यमविकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- कोसेली घर सञ्चालन गरी स्थानीय उत्पादनलाई प्रवर्द्धन गरिनेछ।

च) प्रधानमन्त्री रोजगार कार्यक्रम तथा आन्तरिक रोजगार प्रवर्द्धन नीति

– वैदेशिक रोजगारीबाट फर्किएका सीप आर्जन गरेर आएका युवाहरुलाई सीपमा आधारित व्यवसाय गर्न प्रोत्साहन गरिनेछ ।

– निजी क्षेत्र, सहकारी तथा गैह्र-सरकारी संस्थाहरुसँगको सहकार्यमा बेरोजगार युवाहरुलाई रोजगारमा आवद्ध गर्ने नीति लिइनेछ ।

– प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार युवाहरुलाई नगरपालिकाबाट सञ्चालन हुने योजनाहरुका काममा लगाई अल्पकालीन रोजगारी प्रदान गर्दै लगिनेछ।

४.<u>सडक, यातायात तथा भौतिकपूर्वाधार नीति</u>

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवीटाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

क) सडक तथा यातायात सम्बन्धी नीति

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

— "एक वडा एक सडक"लाईप्राकृतिक श्रोत साधन (ग्रावेल) उपयोग गरी सडक स्तरोन्नति गर्दै लगिनेछ ।

— खोलखोलेदेखिपुरानोबसपार्कसम्मको बजार क्षेत्रमा सडक चौडा गरी सडकका दुवैतर्फ नाला सहितको स्तरीय फुटपाथ निर्माण गरिनेछ ।

— खोलखोले क्षेत्रको सार्वजनिक जग्गा प्रयोग गरी एउटा टुरिष्ट बसपार्कको अवधारणा अनुरुप बसपार्क निर्माण गरिनेछ।

— वडा नं. ६ र ८ को सिमाना धनुवासे (पैरेनी खोला) मा घ्याम्पेसाल आरुघाट बस पार्किङ स्थल निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

— निर्माण कार्यको गुणस्तरमा सुनिश्चितता गर्न गुणस्तर चेकजाँच प्रयोशाला स्थापना गर्ने नीतिलाई पुरा गरिनेछ ।

— वडा नं. ११ मा सुरु गरिएको नमुना पूर्वाधार अन्तर्गत रोजगार तथा पूर्वाधार कार्यविधि अनुरुप सञ्चालनमा आएका योजनाहरुलाई क्रमागत योजनामा समावेश गरी आगामी आ.व. मा सम्पन्न गरिनेछ ।

— ठिगुरेश्वारामा ल्याण्डपुलिङ सहितकोव्यवस्थितबसपार्क निर्माणका लागि सम्भाव्यता अध्ययन गरी निर्माण कार्यको थालनी गरिनेछ ।

— नगरभित्रका सडक योजनाहरुलाई नगरस्तरीय, वडास्तरीय र टोल वस्ती स्तरीय वर्गीकरण गरी सोही अनुसार कालोपत्रे गर्ने, ग्रावेल तथा स्तरोन्नति गर्ने नीति लिइनेछ।

- "एक वडा, एक स्तरयुक्त पक्की सडक" निर्माण गरिनेछ।

— मुख्य बजार क्षेत्र र धार्मिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका क्षेत्रहरुमा सडकवत्ति व्यवस्था गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ह्रदीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

– महत्वपूर्ण सडकहरुलाई गौरवको आयोजनाका रुपमा बहुवर्षीय आयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

– सडक मर्मतसम्भारलाई विशेष कार्यक्रम बनाई बाह्रै महिना सवारी आवागमनलाई सहज बनाउने नीति लिइनेछ ।

- अमरसिंह राजमार्ग अन्तर्गत मझुवा-गोरखासडक खण्डमा सडकको दुवैतर्फ फुटपाथ निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

- नगर क्षेत्रभित्रका सडकहरुको लगत कट्टा गर्ने नीति लिइनेछ ।

ख) विद्युतिकरण सम्बन्धी नीति

– विद्युत प्रसारण लाइनलाई व्यवस्थित गरी विद्युत सप्लाईमा समस्या घटाउन विद्युत प्राधिकरणको सहयोग लिइनेछ ।

– विद्युतको पावर कमभई उद्योग व्यवसाय सञ्चालन लगायत अन्य समस्या समाधान गर्न लामो दुरीसम्म ट्रान्समीटर नभएको ठाउँमा ट्रान्समीटर जडान गर्ने नीति लिइनेछ ।

- विद्युतीकरणमा फलामे पोल तथा ट्रान्स्फर्मर राखी उज्यालो नगरको अवधारणालाई अगाडि बढाइनेछ।

– जनसमुदायलाई विद्युतको प्रयोग बढाउन, ग्यासको खपत घटाउन प्रोत्साहन गरिनेछ ।

- वैकल्पिक उर्जा प्रवर्द्धन गर्नको लागि नगर क्षेत्रमा संघीय सरकार, निजी क्षेत्र र नगरपालिकाको सह-लगानी एवं विद्युत प्राधिकरणको समन्वयमा १ मेगावाटको बिजुली उत्पादन गर्न गोरखा नगरपालिका वडा नं ६ ढाँडमा सोलार प्लान्ट जडान गरिनेछ ।

ग) सामुदायिक भवन निर्माण नीति

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढुंगीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

– गोरखा नगरपालिकामा निर्माण भएको नयाँबजार स्थित तरकारी बजार भवन, नयाँबसपार्कमा बन्दै गरेको सिटीहल, वि.पि. चोक स्थित बहुउद्देशीय भवन लगायतका सार्वजनिक तथा सामुदायिक भवनहरुको प्रभावकारी परिचालन र व्यवस्थापन गरिनेछ।

– एक टोल एकभन्दा बढी सरकारी लगानीमा सामुदायिक भवन निर्माण नगर्ने नीति लिइनेछ । त्यस्ता भवनहरु बहुउद्देश्यीय खालको हुनु पर्नेछ ।

– घरनक्शा पास अनिवार्य गरिनेछ । नक्शापास नगराई बन्ने घरलाई नगरपालिकाबाट दिने सेवा सुविधा कटौती गरिनेछ ।

-नीजि आवास अन्तरगत घरको नक्सा निर्माण निशुल्क गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

-वडा नं. ८ र १३ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।

-शहीदहरुको सम्मानका निम्ति शहिद स्मृति भवन प्रतिक्षालय तथा पार्क निर्माण गरिनेछ।

-सरकारी तथा सार्बजनिक जग्गा पहिचान गरी संक्षरण गर्ने नीति लिइनेछ ।

- नगर क्षेत्रभित्र निर्माण हुने भवनहरु ऊर्जा प्रभावकारिताको सिद्धान्तअनुरुप निर्माण गरिनेछ ।

– नगरपालिकाभित्रका सम्पूर्ण घरहरु अभिलेखीकरण गरी व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

घ) उपभोक्ता समिति सम्बन्धी नीति

– स्थानीय उपभोक्ताहरुले प्रत्यक्ष लाभ प्राप्त गर्ने तथा रोजगारी प्राप्तभई आयआर्जन वृद्धि गर्ने प्रकारका योजनाहरु उपभोक्ता समिति मार्फत् सञ्चालन गर्ने नीति लिइनेछ ।

– आयोजना सञ्चालन गर्नुअघि उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने व्यवस्था गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

– एक उपभोक्ता समितिमा रहेको व्यक्ति अर्को उपभोक्ता समितिमा रहन नपाउने नीति लिइनेछ । साथै जनप्रतिनिधि, सरकारी कर्मचारीहरु, नेपाल सरकारको अनुदान प्राप्त गर्ने व्यक्तिहरु उपभोक्ता समितिमा रहन नमिल्ने व्यवस्थालई कडाइका साथ लागु गरिनेछ ।

५.वन, वातावरण, विपद् व्यवस्थापन तथा भू-संरक्षण नीति

– सामुदायिक वन समुहहरु र वन कार्यालयको सहयोगमा वन संरक्षण संवर्द्धन र सदुपयोगको नीतिलाई निरन्तर अघि बढाइनेछ ।

– सामुदायिक वनमा गोरखा आयुर्वेद कम्पनी तथा सम्बन्धित संघ-संस्था र वन कार्यालयहरुको सहयोगमा गैह-काष्ठ वन पैदावार कार्यक्रम लागू गरिनेछ ।

– वन पर्यटनका लागि हरियाली पार्कहरु निर्माण, सिमसार क्षेत्रको संरक्षण, पानीको स्रोत संरक्षण, नदी तटहरुको उचित व्यवस्थापन आदिमा जोड दिइनेछ ।

– नगरस्तरीय विपदपूर्व-तयारी तथा प्रतिकार्य योजनामार्फत् सम्बन्धित क्षेत्रको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

– प्रकोपको कारण ज्यान गुमाएको परिवार, घर क्षति भएको परिवार आदिलाई क्षतिको मूल्याङ्कन गरी तत्काल राहत उपलब्ध गराइनेछ । जोखिम तथा विपदमा परेका व्यक्तिलाई तत्काल राहत तथा उद्धारको व्यवस्था मिलाइनेछ ।

– सरकारी सामुदायिक तथा निजी वनहरुबाट उत्पादन हुने वन पैदावारको बिक्री वितरण तथा वनका श्रोतमा आधारित व्यवसायलाई सहज बनाउन कार्यविधि तयार गरिनेछ ।

– सामुदायिक वन समुहको सहयोगमा वन डढेलो सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कायक्रमहरु सञ्चालन गरिनेछ ।

– जिल्ला वन कार्यालय लगायत विभिन्न संघ-संस्थाको सहयोगमा वन्यजन्तु संरक्षण तथाजैविक विविधताको संरक्षण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

कृष्ण बहादुर राना नगर
नगर प्रमुख

– नगरभित्रकामुख्य-मुख्य सडकको दायाँबायाँ वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्न जोड दिइनेछ ।

– स्वागतको लागि खादाको प्रयोगमा बन्देज गरी स्थानीय फुलको प्रयोगलाई मान्यता र बढवा दिने नीतिलाई निरन्तरता दिईनेछ ।

– प्लाष्टिकका झोलाको प्रयोगलाई बन्देज लगाइनेछ,कपडाको झोला प्रयोग गर्ने बानीको विकास गराईनेछ ।

– गोरखा नगरपालिका वडा नं. १३ स्थित रामशाह घाटमा नगरवासी परिवारको मृतकको शव तथा असाहाय बेवारिसे शव दहनको लागि आवश्यक दाउरा निःशुल्क उपलव्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

६. सुशासन तथा संस्थागत क्षमता विकास नीति

क) सुशासन सम्बन्धी नीति

– कालोबजारी, म्याद नाघेका तथा अखाद्य बस्तुहरुको बिक्री वितरणलाई नियन्त्रणगर्न बजार अनुगमन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारीबनाइनेछ ।

– नगरपालिका र वडाबाट प्रवाह गरिने सेवालाई सरलीकृत गर्न एकीकृत घुम्ती सेवा (शिविर) सञ्चालन गरिनेछ ।

– नगरपालिकाको लेखा समिति मार्फत् बेरुजु न्यूनीकरण गरिनेछ ।

– नगरपालिकाको प्रशासनिक व्यवस्था, सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो, चुस्त-दुरुस्त र प्रभावकारी बनाउन सांगठनतथा व्यवस्थापन संरचनाको पुनरावलोकन गरिनेछ।

– गोरखा नगरपालिकासँग भगिनी सम्वन्ध कायम भएको बेलायतको 'रसमुर बरो काउन्सिल', मित्रराष्ट्र चीनको 'चिन त चन' सिटी र धादिङ्ग जिल्लाको नीलकण्ठ

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना नगर
नगर प्रमुख

Scanned with CamScanner

नरपालिकासँगको सम्वन्धलाई प्रगाढ बनाउँदै स्वदेश तथा विदेशका अन्य पालिकाहरुसँग भगिनी सम्वन्ध कायम गरिनेछ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

- नगरपालिकाबाट प्रवाह गरिएका सेवाहरुको बारेमा सेवाग्राहीहरुसँग सन्तुष्टि सर्वेक्षण गरी प्राप्त सुझाव तथा नतिजाहरुको विश्लेषण गरी सेवा प्रवाहलाई गुणस्तरीय बनाउँदै लगिनेछ ।

- संगठन व्यवस्थापन तथा सर्वेक्षण गरी कर्मचारीहरुलाई कार्यविवरण उपलब्ध गराइ कार्यसम्पादन सम्झौता गरिनेछ ।

- स्थानीयसेवाकाकर्मचारीहरुकोअवकाशपश्चात्उपलब्धगराउनुपर्नेसेवासुविधाकोलागितोकिएबमोजिमकोरकमकर्मचारी कल्याण कोषमाजम्मागर्दैलगिनेछ।

- नगरपालिकाको समग्र सेवा प्रवाह विश्लेषण गर्न सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्बजनिक सुनुवाई, लैङ्गिक उत्तरदायी बजेट परीक्षण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरिनेछ ।

ख) सूचना प्रविधि नीति

- नगरपालिकालाई सूचना प्रविधिमैत्री बनाइनेछ ।
- व्यक्तिगत घटना दर्ता अनलाइन प्रणालीलाई निरन्तरता दिइनेछ ।
- व्यापारिक तथाअन्य महत्वपूर्ण क्षेत्रमा जिल्ला प्रहरी कार्यालय गोरखाको समन्वयमा सि.सि. क्यामरा थप जडान तथा मर्मत-सम्भार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- महत्वपूर्ण सार्वजनिक क्षेत्रमा फ्रि-वाइफाइ जोन निर्माण गरिनेछ ।
- नगरपालिकाभित्र निर्माण हुने घरहरुको नक्सापास तथा अभिलेखीकरण विद्युतीय प्रणाली मार्फत् शुरु गरिनेछ ।
- नगरपालिकाको बजार क्षेत्रमा पर्यटकीय सूचना केन्द्र स्थापना गरिनेछ ।
- नगरपालिकाको वेबसाइट, फेसबुक पेजलाई थप व्यवस्थित गरिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

– गोरखा नगरपालिकाको नगर एप्स बनाई प्रयोगमा ल्याइनेछ ।

– पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गर्न त्रिवर्षीय क्षमता विकास योजना निर्माण गरी लागु गरिनेछ ।

– नगरपालिकामा स्थापना भएको सहायता कक्षको संस्थागत विकास गरिनेछ ।साथै स्तनपान कक्ष स्थापना गरिनेछ ।

ग)पत्रकारिता तथा सञ्चार नीति

– पत्रकारितार सञ्चार (अनलाईन समेत)को विकासमा दिइएको अनुदानलाई निरन्तरता दिँदै लोक कल्याणकारी सूचना प्रवाहलाई प्रोत्साहन गरिनेछ ।

– निजी तथा सामुदायिक रेडीयोलाई दिइएको विद्युत महशुल शुल्कमा ७५ प्रतिशत अनुदानको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

– पत्रकारहरुको क्षमता विकासको लागि क्षमता विकास तथा तालिमकार्यक्रम सञ्चालन गरिनेछ ।

– नगरपालिकाबाट जारी गरिने सुचना प्रकाशनमा स्थानीय पत्रिकालाई प्राथमिकता दिइनेछ ।

– सुचनाको हक सम्बन्धी ऐनमा व्यवस्था भए बमोजिमका विभिन्न निर्णय तथा कानुनहरु स्वतः प्रकाशन मार्फत सार्वजनिक गरिनेछ ।

घ) मानव अधिकार, न्यायिक सम्पादन तथा निरुपण नीति

– गोरखा नगरपालिकाद्धारा निर्माण गरिएको मानव अधिकार कार्ययोजना अनुसार मानव अधिकार संरक्षण र प्रत्याभूतिको लागि मानव अधिकारमैत्री कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

– न्याय सम्पादन प्रणालीलाईसहज र थप प्रभावकारी बनाउनअनलाइन मार्फत उजुरी दर्ता गर्न सकिने प्रणालीको व्यवस्था गरिनेछ ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
कार्यपालिकाको कार्यालय
इस्त्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

– असहाय, ज्येष्ठ नागरिक, अनाथ बालबालिका, अति-विपन्न नागरिकहरुलाई निःशुल्क न्यायिक सेवा प्रदान गरिनेछ ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

– स्थानीय स्तरमा उठेका विवादलाई स्थानीय स्तरमै समाधान गर्न मेलमिलाप केन्द्रको स्तरोन्नति र मेलमिलापकर्ताहरुको क्षमता विकास कार्यलाई निरन्तरता दिइनेछ ।

- न्यायिक कार्यगत एकरुपता तथा सहकार्यलाई निरन्तरता दिन बार्षिक तथा अर्ध-बार्षिक न्यायिक भेला कार्यक्रमलाईसञ्चालीकरण गरी निरन्तरता दिइनेछ ।

- गोरखा नगरपालिकामा सम्पन्न न्यायिक समितिको प्रथम जिल्ला भेलाद्वारा स्थानीय विवादलाई समाधान गर्न तथा न्यायिक सम्पादनको काम कार्वाहीलाई अझ प्रभाकारी बनाउने उद्देश्यले जारी गरिएको जिल्ला न्यायिक मञ्च घोषणा-पत्र, २०८० लाई कार्यान्वयमा ल्याउन पहल गरिनेछ ।

- न्यायिक समितिले सम्पादन गरेका कामहरु नगरबासीलाई सु-सुचित गराउने र पालिकाबाट सम्पादनमा भएका असल अभ्यासलाई अन्य पालिकाहरुमा समेत नमुना प्रस्तुत गर्ने उद्देश्यका साथ हाते पुस्तिका प्रकाशन गरिनेछ।

– विपन्न, असहाय, दलित, ज्येष्ठ नागरिक, अनाथ, महिला, बालबालिका तथा हिंसा पीडितहरुको लागि संरक्षण तथा पोषणको लागि आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

– न्यायिक समितिमा परेका उजुरीहरुका सम्वन्धमा अनुगमन गरी न्यायसम्पादन सहज र सरल तरिकाले कार्यान्वयन गरिनेछ ।

– न्यायिक समितिका पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु ल्याइनेछ ।

– न्यायिक समितिमा पेश भएका विवादहरु वीज्ञको राय-सल्लाह, सुझाव अनुसार मेलमिलाप तथा फैसला गर्दै लगिनेछ ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

- नगरपालिकाभित्रकाविद्यालय,टोल,समुदायहरुमा आधारित साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

कृष्ण बहादुर राना नगर
नगर प्रमुख

निर्णय न. ४.

प्रस्ताव न. ४ माथि छलफल गर्दा गोरखा नगरपालिकाको चौधौ नगरसभाको पहिलो बैठकमा प्रताव न. १ देखि ४ सम्मका प्रतावहरुमा छलफल गरी प्रस्ताव बमोजिम स्वीकृत गर्ने र बाँकी प्रतावहरुका सम्बन्धमा सभाको अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

कृष्ण बहादुर राना नगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुङ्गाडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

गोरखा नगरपालिका, गोरखाको चौथौं नगरसभाको उपस्थिति

आज मिति २०८१ साल असार ३१ गते यस गोरखा नगरपालिका, गोरखाको चौथौं नगर सभा नगर प्रमुख श्री कृष्ण बहादुर राना मगरज्यूको अध्यक्षतामा बस्यो । नगर सभामा तपसिल बमोजिम नगर सभा सदस्यहरुको उपस्थिति रह्यो ।

क्र स	सभा सदस्यको नाम थर	पद	ठेगाना	सम्पर्क नं.	दस्तखत	कैफियत
१	श्री कृष्ण बहादुर राना मगर	नगर प्रमुख	गोरखा नगरपालिका	9856040112		
२	श्री मसली माया थोकर	नगर उपप्रमुख	गोरखा नगरपालिका	9846070363		
३	श्री हिम्मत बहादुर कुँवर	वडा अध्यक्ष	गोरखा नपा १	9846783108		
४	श्री रहम तुल्ला मिया	वडा अध्यक्ष	गोरखा नपा २	9856040333		
५	श्री चुल बहादुर कुँवर	वडा अध्यक्ष	गोरखा नपा ३	9846075499		
६	श्री लाल प्रसाद भट्टराई	वडा अध्यक्ष	गोरखा नपा ४	9846127146		
७	श्री हरि राम पोखरेल	वडा अध्यक्ष	गोरखा नपा ५	9846125481		
८	श्री राजेन्द्र कुमार जोशी	वडा अध्यक्ष	गोरखा नपा ६	9846056082		
९	श्री विष्णु प्रसाद श्रेष्ठ	वडा अध्यक्ष	गोरखा नपा ७	9856040129		
१०	श्री ऋषिराम खत्री	वडा अध्यक्ष	गोरखा नपा ८	9856042737		
११	श्री कुल बहादुर कुँवर	वडा अध्यक्ष	गोरखा नपा ९	9856040717		
१२	श्री प्रदिप कुँवर	वडा अध्यक्ष	गोरखा नपा १०	9856040747		
१३	श्री राम बहादुर खड्का	वडा अध्यक्ष	गोरखा नपा ११	9846098330		
१४	श्री डिल बहादुर थापा	वडा अध्यक्ष	गोरखा नपा १२	9856040033		
१५	श्री मित्र कुमारी परियार	वडा अध्यक्ष	गोरखा नपा १३	9856041599		
१६	श्री गोपाल बहादुर थापा	वडा अध्यक्ष	गोरखा नपा १४	9829110512		
१७	श्री रन्जिला श्रेष्ठ	कार्यपालिका सदस्य	गोरखा नपा ६	9856077797		
१८	श्री साबित्रा थापा पुलामी	कार्यपालिका सदस्य	गोरखा नपा १०	9856065600		
१९	श्री कमला भट्ट	कार्यपालिका सदस्य	गोरखा नपा १	9845486000		
२०	श्री अप्सरा नेपाली रेम्मी	कार्यपालिका सदस्य	गोरखा नपा ११	9816688109		
२१	श्री पम्फा गान्धारी	कार्यपालिका सदस्य	गोरखा नपा ७	9846570384		
२२	श्री सीता मग्राती अछामी	कार्यपालिका सदस्य	गोरखा नपा ५	9806788053		
२३	श्री पवित्रा वि. क.	कार्यपालिका सदस्य	गोरखा नपा १४	9846975995		
२४	श्री राम बहादुर रम्तेल	कार्यपालिका सदस्य	गोरखा नपा ७	9846056379		

Scanned with CamScanner

क्र स	सभा सदस्यको नाम थर	पद	ठेगाना	सम्पर्क नं.	दस्तखत	कैफियत
२५	श्री टोप बहादुर भट्ट क्षेत्री	नगर सभा सदस्य	गोरखा नपा १	9862149337		
२६	श्री ठाकुर प्रसाद भट्ट	नगर सभा सदस्य	गोरखा नपा १	9816121303		
२७	श्री सिर्जना नेपाली	नगर सभा सदस्य	गोरखा नपा १	9806736249		
२८	श्री रञ्जिता थापा मगर	नगर सभा सदस्य	गोरखा नपा २	9846188944		
२९	श्री तारा देवी वि. क.	नगर सभा सदस्य	गोरखा नपा २	9846543088		
३०	श्री कृष्ण कुमार श्रेष्ठ	नगर सभा सदस्य	गोरखा नपा २	9846377357		
३१	श्री तिलक बहादुर बानियाँ	नगर सभा सदस्य	गोरखा नपा २	9846251716		
३२	श्री शोभा रोका उपरकोटी	नगर सभा सदस्य	गोरखा नपा ३	9829158828		
३३	श्री बबुल राना मगर	नगर सभा सदस्य	गोरखा नपा ३	9846944137		
३४	श्री ईच्छा थापा	नगर सभा सदस्य	गोरखा नपा ३	9843103615		
